नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

परियोजना कार्यान्वयन एकाइ, रौतहट।

## प्रस्ताव आह्वान सम्बन्धि सूचना।

**सूचना नं.:- ०७८/०७९-०१**

**प्रथम पटक सूचना प्रकाशन मितिः २०७८/०५/२४**

प्रस्तुत विषयमा परियोजना कार्यान्वयन एकाइ, रौतहटको चालू आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको **प्रविधिक शिक्षालयको साझेदारीमा व्यवसायिक उत्पादन कार्यक्रम** सञ्चालन गर्न इच्छुक प्राविधिक शिक्षालयहरुले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को अनुसूची-१० बमोजिमको ढाँचामा तथ्यांक फारम, प्रस्तावित क्रियाकलाप एवं आर्थिक विवरण सहितको आवेदन मिति २०७८/०६/२२ गते कार्यालय समयभित्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

परियोजना कार्यान्वयन म्यानुअल-२०७७ को अनुसूची-१० बमोजिमको आवेदन फर्मेट/ढाँचा एवं थप अन्य जानकारीको लागि परियोजना कार्यान्वयन एकाइ, गरुडा, रौतहटमा वा मोबाईल नं. ९८६३८८१५५१ (शत्रुधन महतो, कृषि प्राविधिक) वा ९८६५५०४२०८ (अजय कुमार सोनार, कृषि प्राविधिक) मा सम्पर्क गर्न सकिने छ।

**निवेदन साथ अनिवार्य संलग्न गर्नुपर्ने कागजातहरु:**

१ कार्यक्रममा सहभागिताका लागि रु.१० को टिकट टाँस गरिएको निवेदन।

२ शिक्षालयको हकमा बैधानिकता सम्बन्धि कागजातहरुको प्रतिलिपि (शिक्षालय संचालन अनुमति पत्र, .. आदि)

३ परियोजना अन्तर्गत आवेदन दिने तथा प्रस्तावित कार्यक्रमका लागि अनुदान माग सम्बन्धमा शिक्षालय संचालक समितिको निर्णयको प्रतिलिपि।

४ शिक्षालयका तर्फबाट निवेदन पेश गर्ने अधिकारिक/अख्तियार प्राप्त व्यक्तिको नागरिकता प्रमाण पत्रको प्रतिलिपी।

५ आवेदक संस्थाको नाममा बैंकमा रहेको खाता नं. खुल्ने कागजातको प्रतिलिपि।

**नि. बरिष्ठ कृषि अधिकृत**